# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर

प. सं. २०७८/०७९ (स्वास्थ्य शाखा)
च.नं.

कोशी प्रदेश, नेपाल

मितिः२०८०।०८।०८

विषयःओठ तथा तालु फाटेकाहरुको लागि छनौट शिविर बस्ने सूचना ।

सबै वडा कार्यालयहरु(१ देखि ९)
बेलका नगर अस्पताल,रामपुर,उदयपुर
सबै स्वास्थ्यचौकीहरु(तपेश्वरी,बबला,मैनामैनी)
सबै आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु(भागलपुर,रातापानी,लालबजार,पोखरे र हात्तीसुडे)
शहरी स्वास्थ्य केन्द्र(आमवासी र विलिम्ला)
सबै महिला स्वास्थ्य स्वयं सेविकाहरु

प्रस्तुत विषयमा बि एण्ड बि हस्पिटल प्राइभेट लिमिटेड ,ग्वार्को ,ललितपुरको प्राप्त इमेल पत्र अनुसार जन्मिदै ओठ तथा तालु फाटेका,गिजामा प्वाल भएका साथै नाक तथा ओठ नमिलेकाहरुलाई निशुल्क उपचारका लागि छनौट शिविर देहायको मिति र स्थानमा बस्ने भएकोले जानकारी तथा प्रचार प्रसार गरी सहयोग गरिदिनु हुन सम्बन्धित सबैमा अनुरोध छ ।

समयः बिहान ११ बजे देखि
मितिः२०८० साल मंसिर १० गते आइतवार
स्थानः बेलका नगर अस्पताल,रामपुर,उदयपुर ।

बोद्धार्थ
श्री बि एण्ड बि हस्पिटल प्राइभेट लिमिटेड ,ग्वार्को ,ललितपुर ।

उत्तम ढकाल
प्रशासकीय अधिकृत

नोटः विरामीले पाउने सुविधाहरु

१.विरामीको आउने जाने भाडा
२.विरामी र एक जना कुरुवालाई बस्ने र खाने व्यवस्था
३.विरामीको सम्पूर्ण जाँचहरुको खर्च
४.विरामीको औषधि
५.विरामीको सर्जरी (शल्यक्रिया)

☎ 5531930
5533206
5007711

# B. & B. Hospital (Pvt.) Ltd.

(ISO 9001 : 2015 Certified)
Gwarko, Lalitpur, Nepal

B. & B. HOSPITAL (Pvt.) Ltd. Satdobato Gwarko Estd. 2054 ★ LALITPUR ★

मिति : २०८०/०८/०१

श्रीमान प्रमुख ज्यू
बेलका नगरपालिका
उदयपुर

विषय : जानकारी, प्रचार-प्रसार तथा स्थान उपलब्ध सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा, बि एण्ड बि अस्पतालमा नियमित निःशूल्क रुपमा जन्मिदै ओठ तथा तालु फाटेका, गिजामा प्वाल भएका साथै नाक तथा ओठ नमिलेकाहरुलाई प्लाष्टिक सर्जरी (शल्यक्रिया) सेवाको लागि विभिन्न जिल्लाहरुमा निःशूल्क छनौट शिविर संचालन गर्दै आईरहेको व्यहोरा जानकारी गराउँदछौं । साथै तल उल्लेखित मिति, समय र स्थानमा निःशूल्क प्लाष्टिक सर्जरी (शल्यक्रिया) सेवाको लागि बिरामी छनौट शिविर संचालन गर्नको निमित्त स्थान उपलब्ध गराई शिविर संचालनमा सहयोग पुऱ्याईदिनुहुन विनम्र अनुरोध गर्दछौं । सो बारेमा त्यस कार्यालय मातहतका सम्पूर्ण निकायहरु र स्थानीय समुदायमा सू-सूचित गराई प्रेषण कार्यको लागि सहयोग पुऱ्याईदिनुहुन विनम्र अनुरोध गर्दछौं । छनौट भएका बिरामीलाई तत्काल काठमाण्डौं स्थित बि एण्ड बि अस्पतालमा निःशूल्क प्लाष्टिक सर्जरी (शल्यक्रिया) सेवाको लागि लगिने छ ।

| मिति | स्थान |
|---|---|
| १) २०८०/०८/१० | १) नगर अस्पताल, बेलका नगरपालिका |

विरामीले पाउने सुविधाहरु :

१) बिरामीको आउने जाने भाडा
२) बिरामी र एक जना कुरुवालाई बस्ने र खाने व्यवस्था
३) बिरामीको सम्पूर्ण जाँचहरुको खर्च
४) बिरामीको औषधी
५) बिरामीको सर्जरी (शल्यक्रिया)

Mahendra

निर्देशक
डा. महेन्द्र महर्जन
बि एण्ड बि अस्पताल
प्लाष्टिक ओरल एण्ड क्रेनियोम्याक्जिलोफेसियल सर्जरी
ग्वार्को ललितपुर

श्री स्वास्थ्य शाखा
आवश्यक निमित्त
सहयोगार्थ
२०८०।८।८

सूचना प्रविधि शाखा
सूचना तथा वेभसाइटमा
प्रकाशित गर्नुहुन
२०८०।८।८